**महत्त्वपूर्ण सूचना**

नोभल कोरोनाभाइरस सङ्क्रमणको प्रभावको कारण दिइने आपत्कालीन सानो कोष आदि विशेष ऋण

# रेइवा 5 सालमा ऋण मोचन पाउन सक्ने विशेष सापटीको बारेमा

● आर्थिक वर्ष रेइवा 3 साल र रेइवा 4 सालमा "निवासी कर छुट प्राप्त नगरेको" भएपनि तलका A र B दुवै आवश्यकताहरू पूरा गरेमा ऋण मोचनको लागि आवेदन दिन सक्नुहुन्छ ।

**आवश्यकता A: कर्जा लिने व्यक्ति र घरपरिवारको मुख्य व्यक्ति दुवैले आर्थिक वर्ष रेइवा 5 सालको निवासी कर (समान कर भुक्तान रकम र खुद आय अनुसार भुक्तान रकम दुवै) मा छुट पाएको**

**आवश्यकता B: निम्न अवस्थाहरू पूरा गर्ने कोषको प्रकार रहेको**

| कोषको प्रकार | सर्त ① कर्जा आवेदन मिति | सर्त ② ऋण चुक्ता गरिसक्नु पर्ने दिन |
|---|---|---|
| आपत्कालीन सानो कोष | रेइवा 4 साल मार्च 31 तारिख सम्ममा आवेदन | रेइवा 6 साल जनवरी 1 तारिख वा सोभन्दा पछि |
| संयुक्त सहायता कोष (पहिलो पटक) | रेइवा 4 साल मार्च 31 तारिख सम्ममा आवेदन | रेइवा 6 साल जनवरी 1 तारिख वा सोभन्दा पछि |

## ● फिर्ता मोचन हुन सक्ने वा नसक्ने बुझ्नको लागि फलो चार्ट

माथिको, **आवश्यकता B** को सर्त पूरा गरेको **कोषको प्रकार** हो ?

- हो → के **ऋणी** हाल निवासी प्रमाणपत्रको आधारमा **घरपरिवारको मुख्य व्यक्ति** हुनुहुन्छ ?
  - हो → के ऋणीले आर्थिक वर्ष रेइवा 5 सालको निवासी करको **समान कर भुक्तान रकम र खुद आय अनुसार भुक्तान रकम** दुवैमा छुट पाएका छन् ?
    - हो → **पेज 2 र 4 मा जानुहोस्** — मोचनको लागि आवेदन दिन सकिन्छ
    - होइन → **पेज 5 मा जानुहोस्** — मोचन पाउन सक्नेमा पर्दैन
  - होइन → के हालको **घरपरिवारको मुख्य व्यक्ति** ऋण आवेदन दिएको समयमा **कर्जा लिने व्यक्तिसँग एउटै घरपरिवारमा** हुनुहुन्थ्यो ?
    - होइन → के ऋणीले आर्थिक वर्ष रेइवा 5 सालको निवासी करको **समान कर भुक्तान रकम र खुद आय अनुसार भुक्तान रकम** दुवैमा छुट पाएका छन् ?
      - होइन → **पेज 5 मा जानुहोस्** — मोचन पाउन सक्नेमा पर्दैन
      - हो → **पेज 2 र 4 मा जानुहोस्** — मोचनको लागि आवेदन दिन सकिन्छ
    - हो → के **कर्जा लिने व्यक्ति** र **घरपरिवारको मुख्य व्यक्ति** दुवैले आर्थिक वर्ष रेइवा 5 सालको निवासी करको **समान कर भुक्तान रकम र खुद आय अनुसार भुक्तान रकम** दुवैमा छुट पाएका छन् ?
      - हो → **पेज 3 र 4 मा जानुहोस्** — मोचनको लागि आवेदन दिन सकिन्छ
      - होइन → **पेज 5 मा जानुहोस्** — मोचन पाउन सक्नेमा पर्दैन
- होइन → **पेज 5 मा जानुहोस्** — मोचन पाउन सक्नेमा पर्दैन

## ● यस जानकारीमा वर्णन गरिएका बुँदाहरू


1. ऋण मोचन आवेदनको बारेमा (मोचन पाउन सक्नेमा **पर्नेहरूको लागि**) ························ पेज 2~ पेज 4
2. भुक्तानी स्थगन र अन्य छुटहरूको बारेमा (मोचन पाउन सक्नेमा **नपर्ने व्यक्तिहरूको लागि**) ············· पेज 5
3. उक्त कुराहरू बाहेकका अन्य जानकारी ······························· पेज 6
4. जापानी भाषा नबुझ्ने व्यक्तिको लागि (**विदेशीहरूको लागि**) ······························ पेज 7



**【आवेदन/सम्पर्कका लागि】**
**साइतामा प्रिफेक्चर समाज कल्याण परिषद**
**कोरोना विशेष कर्जा चुक्ता तथा ऋण मोचन कार्यालय अधिकारी**
【टेलिफोन नम्बर】050 - 2018 - 1839 【सम्पर्क हुने समय】सोमवारदेखि शुक्रवार (बिदाको दिन बाहेक) 9:00~17:00
https://www.fukushi-saitama.or.jp/site/problem_33.html

| 1 | ऋण मोचन आवेदनको बारेमा (मोचन पाउन सक्नेमा **पर्नेहरूको लागि**) |
|---|---|

# फ्लो चार्टको परिणाम स्वरूप पेज 2 मा जान भनिएका व्यक्तिहरूको लागि

● **आवश्यक कागजातहरू (1) देखि (3) लाई संलग्न गरिएको फिर्ताको खाममा राख्नुहोस् र तलको आवेदन म्याद भित्र हुलाकबाट पठाउनुहोस्।**

| क्रम संख्या | आवेदनको लागि आवश्यक कागजातहरू | आफैले चेक गर्नुहोस् |
|---|---|---|
| (1) | **निवासी प्रमाणपत्र**<br>*अनिवार्य रूपमा तलको सर्त पुरा गरेको निवासी प्रमाणपत्र पठाउनुहोस्।<br>・**घरपरिवारको मुख्य व्यक्तिको नाम उल्लेख** भएको<br>・"घरपरिवारका सबै सदस्यहरूको निवासी प्रमाणपत्रको मूल पत्र र यो प्रतिलिपिको बीचमा कुनै पनि भिन्नता छैन भन्ने प्रमाणित गरिएको छ" भन्ने वर्णन भएको<br>・माइनम्बरको उल्लेख नभएको<br>・गत 3 महिना भित्र जारी गरिएको | ☐ |
| (2) | **आर्थिक वर्ष रेइवा 5 सालको कर छुट प्रमाणपत्र (ऋणी मात्र)**<br>*समान कर भुक्तान रकम र खुद आय अनुसार भुक्तान रकम दुवैमा छुट पाएको | ☐ |
| (3) | **ऋण मोचन आवेदनपत्र** *संलग्न गरिएको A3 साइजको कागजको दायाँ पट्टि | ☐ |

***नोट*** **तपाईंले जति धेरै सूचनाहरू (खामहरू) प्राप्त गर्नुभयो ती (1), (2) र (3) का सबै कागजमा भरेर पठाउनुपर्नेछ।**
**एकै समयमा एकभन्दा बढी आवेदन दिनुहुन्छ भने (1) र (2) को लागि मूल पत्र 1 वटा अनि अन्यको लागि प्रतिलिपि प्रयोग गर्न सक्नुहुन्छ।**


●**आवेदनको म्याद** रेइवा 5 साल (सन् 2023 साल) सेप्टेम्बर 29 तारिख (शुक्रवार) सम्म

*पोष्टमार्क मान्य


*यदि आवेदनको म्याद बितिसकेको छ भने छुट रकममा फरक हुन सक्छ। विवरणहरूको लागि कृपया P4 हेर्नुहोस्।

✓ कृपया निम्न कागजातहरू संलग्न फिर्ताको खाममा हालेर हुलाकबाट पठाउनुहोस्।


(1)निवासी प्रमाणपत्र




(2)कर छुट प्रमाणपत्र




(3)ऋण मोचन आवेदनपत्र



फिर्ताको खाम



| 1 | ऋण मोचन आवेदनको बारेमा (मोचन पाउन सक्नेमा **पर्नेहरूको लागि**) |
|---|---|

# फ्लो चार्टको परिणाम स्वरूप पेज 3 मा जान भनिएका व्यक्तिहरूको लागि

● **आवश्यक कागजातहरू (1) (2) (3) लाई सँगै रहेको फिर्तीको खाममा राख्नुहोस् र तलको आवेदनको म्याद भित्र हुलाकबाट पठाउनुहोस्।**

| क्रम संख्या | आवेदनको लागि आवश्यक कागजातहरू | आफैले चेक गर्नुहोस् |
|---|---|---|
| (1) | **निवासी प्रमाणपत्र** ＊अनिवार्य रूपमा तलको सर्त पूरा गरेको निवासी प्रमाणपत्र पठाउनुहोस्।<br>・**घरपरिवारको मुख्य व्यक्ति**को नाम उल्लेख भएको<br>・"घरपरिवारका सबै सदस्यहरूको निवासी प्रमाणपत्रको मूल पत्र र यो प्रतिलिपिको बीचमा कुनै पनि भिन्नता छैन भन्ने प्रमाणित गरिएको छ" भन्ने वर्णन भएको<br>・माइनम्बरको उल्लेख नभएको<br>・गत 3 महिना भित्र जारी गरिएको | ☐ |
| (2) | **आर्थिक वर्ष रेइवा 5 सालको कर छुट प्रमाणपत्र**<br>**(कर्जा लिने व्यक्ति तथा घरपरिवारको मुख्य व्यक्ति दुवैको आवश्यक छ)**<br>＊समान कर भुक्तान रकम र खुद आय अनुसार भुक्तान रकम दुवैमा छुट पाएको | ☐ |
| (3) | **ऋण मोचन आवेदनपत्र** ＊सँगै रहेको A3 साइजको कागजको दायाँ पट्टि | ☐ |


**＊नोट＊ तपाईंले जति धेरै सूचनाहरू (खामहरू) प्राप्त गर्नुभयो ती (1), (2) र (3) का सबै कागजमा भरेर पठाउनुपर्नेछ।**
**एकै समयमा एकभन्दा बढी आवेदन दिनुहुन्छ भने (1) र (2) को लागि मूल पत्र 1 वटा अनि अन्यको लागि प्रतिलिपि प्रयोग गर्न सक्नुहुन्छ।**

●**आवेदनको म्याद** रेइवा 5 साल (सन् 2023 साल) सेप्टेम्बर 29 तारिख (शुक्रवार) सम्म

＊पोष्टमार्क मान्य

＊यदि आवेदनको म्याद बितिसकेको छ भने छुट रकममा फरक हुन सक्छ। विवरणहरूको लागि कृपया P4 हेर्नुहोस्।

✓ कृपया निम्न कागजातहरू संलग्न फिर्तीको खाममा हालेर हुलाकबाट पठाउनुहोस्।



**1** ऋण मोचन आवेदनको बारेमा (मोचन पाउन सक्नेमा **पर्नेहरूको लागि**) साझा पृष्ठ

| फ्लो चार्टको परिणाम स्वरूप पेज 2 मा जान भनिएका व्यक्तिहरूको लागि | फ्लो चार्टको परिणाम स्वरूप पेज 3 मा जान भनिएका व्यक्तिहरूको लागि |
|---|---|


## ● लागु हुने मोचनको छुट रकमको दायराको बारेमा

・छुट रकमको दायरा: मोचनको लागि आवेदन दिएपछि ऋण चुक्ता सुरु हुने महिनादेखिको भुक्तानी योजनाको बाँकी रकम

**[ लागु हुने छुट रकमको दायरा उदाहरण ]**

**<संयुक्त सहायता कोषको पहिलो सापटी 600,000 येन, 120 किस्तामा फिर्ता र 5,000 येनको मासिक भुक्तानीको खण्डमा>**

・रेइवा 5 साल अगस्टमा छुटको लागि आवेदन दिने व्यक्तिहरूलाई रेइवा 6 साल जनवरी देखि सुरु हुने ऋण भुक्तानको योजनाबद्ध भुक्तानी रकमको पूर्ण रकमबाट छुट दिइनेछ।




## ● कर छुट प्रमाणपत्र सम्बन्धी

・निवासी करको आवेदन दिने तरिकाको बारेमा तपाईं बस्ने क्षेत्रको स्थानीय तहको कार्यालयको कर लागु गर्ने अधिकारीसँग सम्पर्क गर्नुहोस्।

・आयस्ता (ट्याक्स रिटर्न) को स्वघोषणा वा वर्षान्तको कर समायोजन नगरेको खण्डमा निवासी करको स्वघोषणा नगरेसम्म कर छुटको प्रमाणपत्र उपलब्ध नगराउने अवस्था हुन सक्नेछ।

## ● निवासी प्रमाणपत्रको सम्बन्धमा

***अनिवार्य रूपमा निम्न सर्तहरू पूरा गर्ने निवासी प्रमाणपत्र पठाउनुहोस्।**

・**घरपरिवारको मुख्य व्यक्ति**को नाम उल्लेख भएको
・"घरपरिवारका सबै सदस्यहरूको निवासी प्रमाणपत्रको मूल पत्र र यो प्रतिलिपिको बीचमा कुनै पनि भिन्नता छैन भन्ने प्रमाणित गरिएको छ" भन्ने वर्णन भएको
・माइनम्बरको उल्लेख नभएको
・गत 3 महिना भित्र जारी गरिएको

## फलो चार्टको परिणाम स्वरूप P. 5 को परिचय गराइएकाहरूको लागि

● **कर्जा चुक्ता स्थगनको सम्बन्धमा**

・ऋण मोचन लागू नभएमा पनि विमारी, बेरोजगारी, आयमा ह्रास वा अन्य परिस्थितिको कारणले कर्जा चुक्ता गर्न गाह्रो भएमा कर्जा चुक्ता स्थगित हुन सक्छ।

**[ आवेदन विधिको सम्बन्धमा ]**

・कृपया निम्न सम्पर्क स्थानमा सम्पर्क गर्नुहोस्।

*आवेदनको अन्तिम मिति कर्जा चुक्ता गरिसक्नु पर्ने महिनाभन्दा अघिल्लो महिनाको 15 तारिख हो।

● **अन्य छुटहरूको सम्बन्धमा**

・ऋण चुक्ता गर्न सुरु भएपछि निम्न आवश्यकताहरू पूरा गरेमा ऋण मोचन आवेदन गर्न सकिन्छ।

・जीवनयापन सुरक्षा भत्ताको सहायता प्राप्त गरेमा
・मानसिक स्वास्थ्य कल्याण पुस्तिका (तह 1) वा शारीरिक अपाङ्गता पुस्तिका (तह 1 वा 2) प्राप्त गरेमा

**[ आवेदन विधिको सम्बन्धमा ]**

・कृपया निम्न सम्पर्क स्थानमा सम्पर्क गर्नुहोस्।

**【आवेदन/सम्पर्कका लागि】**

**समाज कल्याण निगम**
**साइतामा प्रिफेक्चर समाज कल्याण परिषद**
**कोरोना विशेष कर्जा चुक्ता तथा ऋण मोचन कार्यालय अधिकारी**

【ठेगाना】〒338-0001 साइतामा केन साइतामा-शि च्युओ-कु कामिओचिआइ 2-11-27
【फोन नम्बर】050-2018-1839【सम्पर्क हुने समय】सोमवारदेखि शुक्रवार (बिदाको दिन बाहेक) 9:00~17:00
https://www.fukushi-saitama.or.jp/site/problem_33.html

**【अनुरोध】**

・कागजातहरू कार्यालयमा प्रत्यक्ष स्वीकार गरिनेछैन। कार्यालयमा आफैले ल्याएर कागज प्रक्रिया गर्न नखोज्नुहोस्।
・यो सूचना प्राप्त गरेको तुरुन्तै पछि सम्बन्धित कार्यालयमा फोनमा सम्पर्क हुन गाह्रो हुन सक्छ। समझदारीको लागि अनुरोध गरिन्छ।
・एक पटक पेस गरेको कागजातहरू फिर्ता गरिने छैन। समझदारीको लागि अनुरोध गरिन्छ।

## 3 यस बाहेकका अन्य जानकारी

### ●कागजात पेस गरिसकेपछि आफ्नो ठेगाना वा नाममा परिवर्तन भयो भने निम्न आवश्यक कागजातहरू संलग्न गरि नाम आदि परिवर्तनको सूचना पेस गर्नुहोस् ।

**・आवश्यक कागजातहरूको सूची**

*नाम आदि परिवर्तनको सूचना पेस गर्नको लागि तलको **आवेदन/सम्पर्कका लागि**को URL बाट फारम डाउनलोड गर्न सक्नुहुन्छ।

| न. | परिवर्तनका विवरणहरू | आवश्यक कागजात |
|---|---|---|
| 1 | ठेगाना परिवर्तन | ・**पुरानो ठेगाना र हालको ठेगाना उल्लेख भएको** सम्पूर्ण घरपरिवारका सदस्यहरूको नाम उल्लेख भएको निवासी प्रमाणपत्र (जारी मितिबाट 3 महिना भित्रको)<br>* ध्यान दिनुपर्ने कुरा: जापान भित्र पुरानो ठेगानाबाट हालको ठेगानामा बसाइ सरेको होइन भने हालको ठेगानासम्मको स्थानान्तरणको प्रवाह स्पष्ट गराउने निवासी प्रमाणपत्रको खारेजी पत्र अथवा पारिवारिक दर्ताको अतिरिक्त पत्र पेस गर्नुहोस्। |
| 2 | नामथर परिवर्तन | **नयाँ थर र पुरानो थर उल्लेख भएको** र सम्पूर्ण घरपरिवारका सदस्यहरूको नाम उल्लेख भएको निवासी प्रमाणपत्र (जारी मितिबाट 3 महिना भित्रको) |
| 3 | ऋणीको मृत्यु | **निवासी प्रमाणपत्रको खारेजी पत्र अथवा मृत्यु निदान पत्रको प्रतिलिपि** (निवासी प्रमाणपत्र जारी मितिबाट 3 महिना भित्रको) |

### ●बारम्बार सोधिने प्रश्नोत्तरहरू

・साइतामा प्रिफेक्चर सामाजिक कल्याण परिषदको वेबसाइटमा यस विषयमा पोस्ट गर्ने र समय समयमा अपडेट गर्ने योजना छ।
https://www.fukushi-saitama.or.jp/site/problem_33.html

### ●आत्मनिर्भर परामर्श सहायता संस्था परामर्श काउन्टरको सूची

・"आत्मनिर्भर परामर्श सहायता संस्था" भन्नाले सामान्य जीवनयापनका समस्याहरूको लागि परामर्श काउन्टर हो र यो जापानमा राष्ट्रव्यापी रूपमा स्थापित गरिएको छ।
चाहेर पनि काम गर्न नसकेको, बस्ने ठाउँ नभएको जस्ता जीवनयापनका समस्याहरू छ भने आफू बस्ने इलाकाको परामर्श काउन्टरमा परामर्श गर्नुहोस् ।
https://www.mhlw.go.jp/content/000707280.pdf

**【आवेदन/सम्पर्कका लागि】**
**समाज कल्याण निगम**
**साइतामा प्रिफेक्चर समाज कल्याण परिषद**
**कोरोना विशेष कर्जा चुक्ता तथा ऋण मोचन कार्यालय अधिकारी**
【ठेगाना】〒338-0001 साइतामा केन साइतामा-शि च्युओ-कु कामिओचिआइ 2-11-27
【फोन नम्बर】050-2018-1839【सम्पर्क हुने समय】सोमवारदेखि शुक्रवार (बिदाको दिन बाहेक) 9:00~17:00
https://www.fukushi-saitama.or.jp/site/problem_33.html

**【अनुरोध】**
**・कागजातहरू कार्यालयमा प्रत्यक्ष स्वीकार गरिनेछैन। कार्यालयमा आफैले ल्याएर कागज प्रक्रिया गर्न नखोज्नुहोस्।**
**・यो सूचना प्राप्त गरेको तुरुन्तै पछि सम्बन्धित कार्यालयमा फोनमा सम्पर्क हुन गाह्रो हुन सक्छ। समझदारीको लागि अनुरोध गरिन्छ।**
**・एक पटक पेस गरेको कागजातहरू फिर्ता गरिने छैन। समझदारीको लागि अनुरोध गरिन्छ।**